म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २६२ आइतबार १८ वैशाख २०७९ प्रतिपदा ने. सं. ११४२ चिल्लाथ्व 1 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सर्पको टोकाईबाट बचौ र बचाऔं ।**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेको व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेललाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# विवाद साम्य बनाउँदै चुनावी अभियानमा सक्रिय गठबन्धन

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ मकवानपुरमा सत्तारुढ गठबन्धन चुनावी अभियानमा सक्रियरुपमा लागेको छ । स्थानीय तहको निर्वाचन आउन १२ दिनमात्रै बाँकी भएसँगै गठबन्धन मकवानपुरमा चुनावी अभियानमा सक्रियरुपमा लागेको हो ।

गठबन्धनमा देखिएको समस्यालाई बिस्तारै साम्य बनाउँदै दैनिकरुपमा चुनाव प्रचारप्रसारदेखि घरदैलो कार्यक्रमलाई गठबन्धनले प्राथमिकतामा राखेको छ । मकवानपुरको विभिन्न स्थानीय तहमा गठबन्धनविरुद्धको उम्मेदवारीलाई फिर्ता गराएसँगै चुनावी प्रचारप्रसार कार्यक्रमले प्राथमिकता पाएको हो ।

पाँच दलीय गठबन्धनमा रहेको जसपाले समेत हेटौंडा उपमहानगरपालिकामा दिएको उम्मेदवारी फिर्ता लिदै गठबन्धनलाई समर्थन गरिसकेको छ । मित्रवत् प्रतिष्पर्धा गर्ने भन्दै गठबन्धनबाहिर गएर एकलरुपमा उम्मेदवारी दिएको जसपाले उम्मेदवारी फिर्ता लिंदै गठबन्धनमा नै फर्किसकेको छ । बकैया गाउँपालिकामा पनि माओवादीको उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिँदै गठबन्धनबाट उम्मेदवारी दिएका कांग्रेसको उम्मेदवारलाई सघाउने भइसकेका छन् । माओवादीबाट अध्यक्षको उम्मेदबार बनेकी लक्ष्मी माझीले उम्मेदवारी फिर्ता लिँदै कांग्रेसका उम्मेदबार धर्मराज लामिछानेलाई जिताउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

मनहरी गाउँपालिकामा पनि कांग्रेसबिरुद्ध कांग्रेसले नै दिएको उम्मेदवारी फिर्ता भइसकेको छ । नेपाली कांग्रेस (वीपी) पार्टीबाट मनहरी गाउँपालिकाको अध्यक्षको उम्मेदवार बनेका शंकर न्यौपानेले आफ्नो उम्मेदवारी फिर्ता लिँदै कांग्रेसकै अर्का उम्मेदबारलाई समर्थन गरेका छन् ।

कांग्रेस जिल्ला सभापति बुद्ध लामा र प्रवक्ता अर्जुन चौलागाईंले मनहरी नै पुगेर उनको उम्मेदवारी फिर्ताका लागि पहल गरेका थिए । जिल्लाको अन्य स्थानीय तहमा पनि गठबन्धनमा देखिएको समस्याको गाँठोलाई फुकाउन गठबन्धन दलभित्रका नेताहरु सक्रिय बनेका छन् । निर्वाचनको मत परिणाम आफ्नो पक्षमा पार्न गठबन्धनलाई बलियो बनाउन आवश्यक भएको भन्दै दलका नेताहरु समस्या समाधान गर्न सक्रिय बनेका हुन् । समस्या समाधान हुँदै गएसँगै गठबन्धनबाट उम्मेदवार बनेकाहरुले दैनिकरुपमा घरदैलो कार्यक्रम गर्न थालेका छन् ।

सत्तारुढ गठबन्धनबाट हेटौंडाका उपमेयरका उम्मेदवार राजेश बानियाँले गठबन्धनप्रति जनताले देखाएको विश्वास नै चुनाव जित्ने आधार भएको बताएका छन् । शनिबार हेटौंडामा आयोजित स्थानीय तह निर्वाचनसम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्दै बानियाँले गठबन्धनप्रतिको विश्वास र जनलहरबाटै आफूहरु जितको नजिक पुगेका दाबी गरेका हुन् । उनले प्रत्येक वडामा गठबन्धन एक भएर निर्वाचनमा होमिएका कारण सकारात्मक नतिजा आउनेमा आफूहरु ढुक्क रहेको बताए ।

'हेटौंडामा अब एमाले किल्ला ढल्दैछ । विपक्षी आत्तिसकेका छन् । हामी समाजसेवा गर्न राजनीतिमा आएका हौं । अरुले जस्तो राजनीतिलाई पेशा बनाउन आएका होइनौं', उनले भने । उनले सत्तारुढ गठबन्धनको मर्मअनुसार मतदान गर्नसमेत कार्यकर्तालाई आग्रह गरेका छन् । चुनावी कार्यक्रमलाई तीव्रता दिएको सत्तारुढ गठबन्धनले हेटौंडा उपमहानगरपालिका-२ मा प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ ।

स्थानीय तहको निर्वाचनमा गठबन्धनबाट हेटौंडा-२ को उम्मेदवार बनेकाहरुले शनिबार पत्रकार सम्मेलन गर्दै प्रतिवद्धतापत्र सार्वजनिक गरेका हुन् । गठबन्धनबाट वडाध्यक्षको उम्मेदवार बनेका विष्णुगोपाल महर्जनले हेटौंडा-२ को अव्यवस्थित भएको ढल व्यवस्थित गर्ने बताएका छन् । उनले वडाअन्तर्गत्का सडकहरुको सडक अधिकार क्षेत्रभित्रका जग्गाहरुको लगत कट्टा गरी हाल साविक गरिने बताए ।

महर्जनले हेटौंडा-५ र २ को सिमाना खोल्सीमा तटवन्धन र पैदलमार्ग निर्माण गर्न बहुवर्षीय योजना तयार गरी सुरुवात गरिने जानकारी दिए । 'खेलाडी उत्पादनका लागि तालिम तथा खेलकुद आयोजना गरिनेछ । साथै उपयुक्त स्थान भेटिएमा खुला व्यायामशाला निर्माण गरिनेछ', महर्जनले भने । उनले ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरी बृद्धबृद्धाहरुलाई विभिन्न क्रियाकलापमा संलग्न गराइने बताए । उनले आवासीय किरियापुत्री घर निर्माण सुरुवात गर्ने बताए ।

प्रतिबद्धता पत्रमा नेपाल संविधानले सुरक्षित गरेको शिक्षाको अधिकारबाट हाम्रो वडाको कुनैपनि बालवालिका बञ्चित नहोस् भन्नाका लागि राज्यले नि:शुल्क भन्दाभन्दै पनि तिनुपर्ने शुल्कहरु गरिब तथा अति विपन्न वर्गका विद्यार्थीहरुलाई आर्थिक सहयोग गर्ने र जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने उल्लेख छ ।

घोषणपत्रमा हेटौंडा नगरको परिकल्पनाकार बासुदेव रिजालको संगमचोकस्थित प्रतिमा उचित व्यवस्थापन र संरक्षण नभएको हुँदा व्यवस्थित तथा उचित संरक्षण गरिने उल्लेख छ । गठबन्धनबाट हेटौंडा-२ सदस्यमा ईन्द्रप्रसाद रिजाल, सुरज बर्तौला, तारा ढुङ्गाना लामा र मैया परियार उम्मेदबार छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरु:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

# प्रेस विज्ञप्ति



सर्वप्रथम नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक मुलुक बनाउने अवस्थासम्म ल्याउन विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा ज्यानको आहुति दिनुहुने ज्ञातअज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । सहिदको बलिदानी र सार्वभौम नेपाली जनताको ठूलो आन्दोलन र संघर्षबाट प्राप्त संविधान र संविधानले प्रदान गरेका अधिकारहरु जनतामाझ स्थापित गर्न यहि मिति २०७९ वैशाख ३० गते हुन गइरहेको निर्वाचनलाई शान्त, भयरहित र धाँधलीरहित बनाउन सबैले आ-आफ्नो तर्फबाट भूमिका खेल्न अनुरोध गर्दछु ।

यहि निर्वाचनको सन्दर्भमा पछिल्लो समय नेपाली काँग्रेस पार्टीका तर्फबाट उम्मेदवारहरुको टिकट वितरणको सन्दर्भमा देखिएका केही समस्याहरुको बारेमा पत्रकार सम्मेलनमार्फत् आफ्नो धारणा सार्वजनिक गर्न गइरहेको छु । नेपालको परिवर्तनकारी आन्दोलनको अगुवाई गर्दै देशलाई परेको जुनसुकै अप्ठ्यारा अवस्थामा अभिभावकत्व प्रदान गर्दै आएको नेपाली काँग्रेस पार्टीमा ऊर्जावान, क्षमतावान र सक्षम नेताहरु छन् । पार्टीमा धेरै क्षमतावान नेताहरु हुँदाहुँदै पनि स्थानीय तह निर्वाचनमा पालिका तह र वडा तहमा उम्मेदवार बन्न आकांक्षीहरु सबैले टिकट पाउन नसकेको विषय सर्वविदितै छ । टिकट वितरणकै विषयलाई लिएर यदाकदा असन्तुष्टिका स्वरहरु सुनिएको सन्दर्भमा टिकट पाउनुभन्दा अगाडि टिकट लिन आआफ्नो तर्फबाट लविइङ गर्नुपर्छ तर, टिकटको विषय टुंगिएपछि त्यही विषय लिएर असन्तुष्टि जाहेर गरिरहनु र पार्टीलाई असर पर्ने गरी अभिव्यक्ति दिनु र व्यवहार गर्नु किमार्थ स्वकार्य विषय होइन ।

नेपाली काँग्रेस पार्टीको आन्तरिक अधिवेशन भर्खरै सकिएको हुँदा कतिपय अवस्था पार्टीभित्रको गुटउपगुटको कारण पनि यस्ता विषयले प्रश्रय पाइरहेको मेरो बुझाइ छ । पार्टीले गुटउपगुट भन्दा पनि जनताको मन जितेका उम्मेदवारका आकांक्षीलाई टिकट दिनुपर्छ र पार्टीले टिकट दिइसकेपछि आफ्नो उम्मेदवार जिताउन सबै एकजुट भएर लाग्नुपर्छ । तर, कतिपय अवस्थामा गुटउपगुटको सिकार भएर सक्षम नेताले पनि टिकट नपाउनुभएको होला । म, गुटउपगुट भन्दा बाहिर रहेर पार्टीको महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएको एक अभियन्ताको हैसियतले अब निर्वाचनको संघारमा गुटउपगुटको विषय नउठाउन अनुरोध गर्दछु । हामी पार्टीभित्रका सच्चा कार्यकर्ता हौं भने पार्टीको आन्तरिक अधिवेशनको विषयलाई आम निर्वाचनमा आएर असन्तुष्टि देखाउनु हुँदैन । पार्टीभित्रका असन्तुष्टिहरुलाई पार्टीमै बसेर छलफल र बहस गरेर टुङ्ग्याउन अनुरोध गर्दै पार्टीका सबै नेता कार्यकर्तालाई स्थानीय निर्वाचनमा पार्टीका उम्मेदवार जिताउने अभियानमा जुट्न हार्दिक अपिल गर्दछु । जय नेपाल ।

**राज मैनाली दिनेश**
महाधिवेशन प्रतिनिधि, नेपाली कांग्रेस, मकवानपुर

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

YADEA
e-SCOOTERS






**Offer**
रू.१0,000।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरुः
☞ Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞ Full Charge ले १०० किमी कुद्ने ।
☞ २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ ट्यूबलेस टायर ☞ ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# श्रमको सम्मान नै लोकतन्त्रको सुन्दरता

आज मजदुर दिवस । मजदुरहरुको लागि महत्वपूर्ण दिन । मजदुरहरुको हक अधिकार र मानव अधिकार लगायत विषयमा आवाज बुलन्द बनाउने दिन । राजनीतिक रुपमा मजदुरहरुको विषयमा बहस, छलफल गरी हरेक खालका समस्याहरुको उजागर गरेर समाधानको लागि राज्यलाई घचघच्याउने दिन । मे १ तारिखका दिन अन्तर्राष्ट्रिय मजदुर दिवस विश्वभर मनाइने गरिन्छ । 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' भन्ने मूल नाराका साथ अमेरिकाको सिकागोबाट विश्व मजदुर दिवस मनाउन थालिएको हो । यस दिनलाई श्रमिकका अधिकार सबैले उपभोग गर्न पाउने सम्पूर्ण अधिकारहरुलाई स्वतन्त्रतापूर्वक उपभोग गर्ने अवसर प्राप्त भएको दिनका रुपमा लिइन्छ ।

मजदुर आन्दोलनले विश्वमा ठूलो उपलब्धि हासिल गरेको छ । मजदुर अधिकारको क्षेत्रमा निकै उपलब्धि हासिल भएका छन् । तर, अझै पनि नेपालमा मजदुरको अवस्था नाजुक नै छ । यो अत्यन्त दुःखको कुरा हो । नीतिगत रुपमा केही राम्रो देखिए पनि कार्यान्वयन तहमा मजदुरहरु चर्को शोषणमा बाँच्न बाध्य छन् । नेपाली श्रम बजारमा अझै पनि ठूलो विभेद छ । चर्को श्रमशोषण, वृत्ति विकासको अभाव, न्यून पारिश्रमिक, स्थायीको अवसरबाट बञ्चित र सामाजिक असुरक्षाजस्ता समस्याबाट पीडित छन् । श्रम गरेर देशको अर्थतन्त्रलाई नै चलायमान बनाउने शक्ति हो, श्रमशक्ति । तर, वास्तविक मजदुरलाई हामी झुत्रो, कमजोर, निरीह मान्छेको रुपमा चित्रण गरिएको पाउँछौं । फोहोर बटुल्ने, भारी बोक्ने, खेत खन्नेलाई सम्मान गर्न नसक्ने र आफूलाई सभ्य ठान्ने सोच नै सामन्ति सोंच हो । मानवीय भावनाको कदर गर्न नजान्ने समाजले आफ्नो र आफ्नो श्रमको वास्तविकतालाई बोध गर्न सक्दैन ।

यो अन्तर्राष्ट्रिय मजदुर दिवस केवल दिवसको नारा घन्काउनमात्र होइन, नेपालका श्रमिकको सम्मानका लागि स्मरणीय, उदाहरणीय सफलताको पर्व बन्नुपर्छ । नेपालमा भएका परिवर्तनकारी आन्दोलनमा श्रमिकको भूमिका महत्वपूर्ण रहेको छ । पछिल्लो समय नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित हुनमा पनि मजदुर वर्गको ठूलो भूमिका रहेको स्पष्ट छ । त्यसैले, श्रमको सम्मान नै लोकतन्त्रको वास्तविक सुन्दरता हुनेछ भन्नेमा दुईमत छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख १९ गते सोमबार २ मे २०२२ । वैशाख कृष्ण द्वितीया । चौलाथ्व द्वितीया ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्थिति अनुकूल बन्नेछ | **तुला** | : धन खर्च हुनेछ |
| **वृष** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ | **वृश्चिक** | : विवाद हुन सक्ने |
| **मिथुन** | : व्यापार राम्रो चल्नेछ | **धनु** | : यात्रामा खर्च बढ्नेछ |
| **कर्कट** | : मानसिक सन्तोष हुनेछ | **मकर** | : दिन उत्साहपूर्ण बन्नेछ |
| **सिंह** | : धन प्राप्ति हुनेछ | **कुम्भ** | : आम्दानी राम्रो हुनेछ |
| **कन्या** | : कठिनाई कम हुनेछ | **मीन** | : प्रयत्न सफल हुनेछ |

# रुपान्तरित हुँदै बिजुली निर्यातको सम्भावना



बिकास थापा

भारतमा यही अप्रिल १ देखि १२ तारिखसम्मको दैनिक औसत विद्युत्को अत्यधिक माग (पिक) एक लाख ९४ हजार मेगावाट थियो । उसको चालू आर्थिक वर्षको पहिलो चौमासिकको दैनिक पिक माग औसतमा एक लाख ८७ हजार मेगावाट रह्यो । भारतको कूल जडित क्षमता (मार्च, २०२२ सम्म) ३ लाख ९६ हजार मेगावाट छ । यसमध्ये ५३ प्रतिशत अर्थात् २१० मेगावाट कोइलामा आधारित छ । अत्यधिक कोइलामा निर्भर भारतीय बिजुली यतिखेर गत अक्टोबर, २०२१ को नियति भोगिरहेको छ । अहिले नै १४ वटा राज्यमा ऊर्जा संकट व्याप्त छ । उद्योगहरुमा ५० प्रतिशत ऊर्जा मात्र आपूर्ति भइरहेको छ ।

यसैको असरस्वरुप भारतीय ऊर्जा बजार (इण्डियन इनर्जी एक्सचेञ्ज- आईआईएक्स) मा बिजुली बेच्नेको भन्दा किन्नेको भीड बढी छ । त्यही भएर नेपाल विद्युत् प्राधिकरणले ५ सय मेगावाट किन्न खोज्दा ७०, ८० मेगावाट र कहिलेकाहीं सय मेगावाट मात्र किन्न पाउँछ । भारतबाट नियमित रुपमा करिब तीन सय मेगावाट बिजुली नआउँदा उद्योगमा १४ घण्टासम्म आपूर्ति कटौती गर्नुपर्ने अवस्था उत्पन्न भएको छ ।

चुनावको सन्निकटका बेला सरकारले कुनै हालतमा पनि गार्हस्थ्य (राजनीतिक भाषामा भन्दा 'जनताको घर') उपभोक्तालाई बिजुली आपूर्ति गर्न दिएको छैन । पाँच सय वा हजार घरधुरीमा बत्ती गयो भने यो सरकारले चुनाव हार्ने सम्भावना प्रबल रहेको बुझेको छ । त्यसमाथि चुनावी मसला बनाउने भनेर अत्तो खोजिरहेको विपक्षी एमालेले 'जनताको घर'मा लोडसेडिङ भयो भने खुदो पल्टिन्छ । चरम राजनीतिक स्वार्थको मारमा यतिखेर उद्योग परेका छन् ।

जबकि प्राधिकरणको आर्थिक-प्राविधिक दृष्टिबाट हेर्दा गार्हस्थ्यभन्दा औद्योगिक ग्राहकलाई निरन्तर बिजुली दिंदा फाइदा हुन्छ । गार्हस्थ्य वर्गमा बत्ती बाल्नेको संख्या धेरै छ । तर उद्योगलाई निरन्तर बिजुली दिंदा त्यसले कूल गार्हस्थ्य उत्पादन (जीडीपी) मा सकारात्मक असर पार्छ । निर्यात बढ्छ, आयात घट्छ । रोजगारी बढ्छ, सरकारलाई कर आउँछ । प्राविधिक तथा गैर प्राविधिक चुहावट कम हुन्छ ।

अर्थतन्त्रमा मूल्य अभिवृद्धि भई आर्थिक क्षमता बलियो हुन्छ । प्राधिकरणको गत वर्षको तथ्यांक अनुसार गार्हस्थ्य ग्राहक संख्या ४२ लाख ८ हजार छ । औद्योगिक ग्राहक संख्या जम्मा ६० हजार ७ सय छ । औद्योगिक ग्राहकबाट प्राधिकरणले गत वर्ष २७ अर्ब ६८ करोड रुपैयाँ उठायो । जबकि औद्योगिक ग्राहकभन्दा ६९ गुणा धेरै रहेका गार्हस्थ्य ग्राहकबाट प्राधिकरणले औद्योगिक ग्राहककै हाराहारी (करिब २८ अर्ब रुपैयाँ) मा आय संकलन गर्छ । उद्योगलाई काटेर गार्हस्थ्यलाई निरन्तर बिजुली आपूर्ति गर्दा बत्ती बाल्ने, केही हदसम्म बिजुलीमा भात पकाउने, बाहेक अरु उपयोग हुँदैन । सबैले एकसाथ विद्युतीय चुल्हो प्रयोग गरे भने धमाधम ट्रान्सफरमर पड्कन थाल्छ । गत हिउँदमा पानी पर्दा सबैले हिटर, एसी खोले । लोड धान्न नसकी धेरै ठाउँमा आपूर्ति अवरोध भइरह्यो । प्राधिकरण पनि उद्योगलाई सकेसम्म धेरै विद्युत् दिउँ भन्ने चाहन्छ । तर यसको साँचो प्रधानमन्त्री र प्रचण्डसँग छ । 'जनताको घर' मा लोडसेडिङ भयो भने सिधै चुनाव हारिन्छ भन्ने यिनीहरुको बुझाइ छ । राजनीतिक दाउपेच र स्वार्थको मारमा समग्र उद्योग र मुलुकको अर्थतन्त्र परेको छ । यिनलाई देशलाई घाटा हुने कुरामा केही फरक पर्दैन, केवल आफ्नो स्वार्थ पूरा भए हुन्छ । यिनै नेता, जा २०४६ देखि हालसम्म अनेक रुप धारण गरी सत्तामा बस्दै आएका छन् ।

अझ माओवादी शान्ति प्रक्रियामा आएपछि (१६ वर्षदेखि) अधिकांश ऊर्जामन्त्री माओवादीको मात्र भएका छन् । यति धेरै अवधिमा पनि माओवादीले एउटा जलाशययुक्त आयोजना अघि बढाएन । बरु तत्कालीन माओवादीकै नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला बूढीगण्डकी अध्ययन गर्न लगाएर विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बन्यो । त्यो डीपीआरलाई प्रचण्डले चिनियाँ कम्पनीलाई बेचे । जनार्दन शर्माले उत्तर गंगा अध्ययन पूरा गर्न टाङ अड्याइरहे । माओवादीबाटै ऊर्जा मन्त्री भएकाहरुले तमोर (जलाशय) नेपाल विद्युत् प्राधिकरणलाई नदिएर काबेली 'ए' को हाउगुजी देखाएर विदेशीलाई बेचे ।

प्रचण्डले अवैध रुपमा बेचेको बूढीगण्डकीलाई शेरबहादुर देउवाले (चौथोपटक प्रधानमन्त्री भएपछि) मन्त्रिपरिषद् लगेर वैध बनाइदिए । पुनः तिनै देउवाले खारेज गरिदिए । केपी ओलीजस्तो 'राष्ट्रवादी' प्रधानमन्त्रीले समेत बूढीगण्डकी चिनियाँ कम्पनीलाई बेचे । यसरी ओलीले गरेको बेचबिखनलाई देउवाले पुनः खारेज गरे । बाबुराम भट्टराईको नियतचाहिं बूढीगण्डकी बनाउने नै थियो । उनी गम्भीर पनि देखिएका थिए । तर उनकै साविकका दलका नेताहरुमा बेचबिखनबाट कमीसन कुम्ल्याउने नियत लुकेको थियो, जुन कुरा डा. भट्टराई नौ अर्ब रुपैयाँको कमीसन लेनादेनी भएको भनेर सार्वजनिक रुपमै व्यक्त गरेका थिए । डा. भट्टराईको आरोपलाई चुनौती दिन आरोपीहरुले सकेनन् । यो सन्दर्भ यहाँ किन जोडियो भने जाबो तीन सय मेगावाट विद्युत् अभाव भएकै कारण अहिले उद्योगहरु मरिरहेका छन् । २०४६ सालदेखि नै जलाशययुक्त आयोजना बनाउनतिर लागेको भए यतिखेर बनिसक्थ्यो । २०६२/६३ पछि त बनाउँछन् नै होला भनेर जनताले निकै आश गरेका थिए । जनताको आशमा यिनै नेताहरुले चिसो पानी खन्याए । अनि त्यसैको फलस्वरुप हाम्रो विद्युत प्राणाली भारतीय विद्युत प्रणालीमा निर्भर हुन पुग्यो । कुनै परिवर्तन आएन । त्यहाँ अभाव हुँदा हामीले तीन सय मेगावाट पनि पाएनौं ।

भारतसँग तीन प्रकारले विद्युत्को कारोबार हुँदै आएको छ- प्रतिस्पर्धी बजार, विद्युत् खरिद सम्झौता (पीपीए), र आदान-प्रदान । गत वर्षदेखि भारतीय प्रतिस्पर्धा ऊर्जा बजारमा सहभागी भएको प्राधिकरणले चैत-वैशाख (अप्रिल) देखि नै बिजुली अभाव होला भन्ने कल्पनासम्म गरेको थिएन । त्यसबाहेक ढल्केबर-मुजफ्फरपुरबाट ३५० मेगावाटको पीपीए नै गरेको थियो- आगामी जूनसम्म । जबकि यो प्रसारण लाइन उपयोग गरेबापत (प्रसारण शुल्क) नेपालले वार्षिक एक अर्ब ८ करोड रुपैयाँ भारतलाई बुझाउनुपर्छ ।

आफूकहाँ ऊर्जा संकट चरमोत्कर्षमा पुगेको भन्दै भारतले पीपीएको पालना गरेन । आदान प्रदान अन्तर्गत बिहारबाट राति, साँझ वा दिउँसो भनेको बेला प्राधिकरणले बिजुली आयात गर्दै आएको थियो । गत वर्षको तथ्यांक हेर्ने हो भने प्राधिकरणले भारतबाट ८ सय मेगावाट बिजुली आयात गरेको थियो । यसपालि हामीकहाँ माथिल्लो तामाकोसी (४५६ मेगावाट) आएदेखि आयातीत परिमाण उल्लेखनीय रुपमा घटेको छ । यद्यपि पिकको माग धान्न पानी जम्मा गर्नुपर्ने भएकाले प्राधिकरणका अधिकांश अर्धजलाशय (पिकिङ) विद्युत्गृहले राति उत्पादन गर्दैन । राति आउने बिजुली बिहार वा एक्सचेञ्जबाट आइरहेको थियो ।

भारतमा ऊर्जा संकट सुरु भएपछि बिहारले राति दिन छाड्यो । दिनमा भने दिइरहेको थियो । तर केही दिनयता बिहारले दिउँसो पनि दिन असमर्थता जनायो । टनकपुरबाट आउने ६५ मेगावाट बिजुली प्रसारण लाइन अभावका कारण पूर्व जाँदैन । यसरी नेपालमै जलाशययुक्त बनाउने प्रशस्त आयोजना हुँदाहुँदै पनि नबनाएको कारण अहिले यो अवस्था आएको हो । ऊर्जा सुरक्षा भनेको राष्ट्रियता, अर्थतन्त्र, समृद्धिसँग प्रत्यक्ष जोडिएको हुन्छ । यस्तो गम्भीर र रणनीतिक विषयमा नेपालका नेताहरु जहिले पनि उदासीन छन् ।

**क्षितिजमा देखिएको अवसर**

भारतले जति फुर्ती लगाए पनि अन्ततः उसले नेपालको बिजुली नलिई धरै पाउँदैन भन्ने उदाहरण त हाल उसले भोगिरहेको ऊर्जा संकटले देखाएको छ । त्यही भएर उसले प्रधानमन्त्रीको भारत भ्रमणको अवसर पारी नेपालबाट थप ३७५ मेगावाट बिजुली निर्यात गर्न 'अनुमति' दियो । सुरुमा उसैले बनाएको त्रिशुली र देवीघाट (कूल ३९ मेगावाट) लाई 'अनुमति' दिएको भारतले अब रोक्ने स्थिति छैन । किनभने भारतमा ऊर्जा संकट भयावह छ । यद्यपि भारतको भित्री चाहना नेपाल सरकारसँग सम्झौता गरेरभन्दा पनि नेपालका 'समर्पित जलविद्युत् आयोजना' (डेडिकेटेड प्रोजेक्ट) निर्माण गरेर बिजुली लैजान चाहन्छ । अरुण तेस्रो, तल्लो अरुण र अहिले प्रस्ताव गरेको अरुण चौथो यसका उदाहरण हुन् । नेपाललाई केही बिजुली निःशुल्क दिने, बाँकी लैजाने र पछि नेपाललाई हस्तान्तरण गर्ने मोडेलका रुपमा । भारतमा कोइलामा आधारित ऊर्जा पचास प्रतिशतभन्दा बढी छ । यसलाई नवीकरणीय ऊर्जामा परिणत गर्न उसलाई आन्तरिक र बाह्य कारण ठूलो दबाब छ ।

अन्तर्राष्ट्रिय मञ्चमा भारतले गरेका प्रतिबद्धता पूरा गर्न मात्र नभई कोइलाको वैश्विक अभावले पनि उसलाई जलविद्युत् नै चाहिन्छ । पवन ऊर्जा र सौर्य ऊर्जा नवीकरणीय भए पनि जलविद्युतले गर्ने काम गर्दैनन् । पूरै भारतको माग सम्बोधन गर्न नसके पनि नेपालले पश्चिम बंगाल, सिक्किम, बिहार र उत्तर प्रदेशको माग पूरा गर्न सक्छ । त्यो भनेको धेरै ठूलो बजार हो । भारतलाई किन जलविद्युत्मा जान दबाब परेको हो भने उसलाई जहिले पनि कोइला अभाव भइरहन्छ ।


वर्षायाममा पानी परेका कारण खानी उत्खनन गर्न समस्या त सदाबहार नै हो, त्यसमाथि वैश्विक रुपमा कोइलाको भाउ चार गुणाले महँगिएको छ र आगामी दिनमा पनि सस्तो हुने छाँट छैन । गत अप्रिल १३ को तथ्यांक अनुसार भारतीय विद्युत् गृह (तापीय) हरुमा नौ दिनभन्दा कमका लागि कोइलाका मौज्दात थिए । जबकि यो घटीमा १५ दिनको हुनुपर्छ । अहिले नै हाहाकार छ ।

नेपालमा नदी प्रवाही (आरओआर) आयोजनाको बोलवाला छ । भारत वा बंगलादेशसम्म हामीले बिजुली निर्यात गर्ने हो भन जलाशययुक्त वा अर्धजलाशययुक्त (पिकिङ) मा जोड दिनुपर्छ । यसका लागि अहिलेसम्म सरकार गम्भीर भएको छैन । अर्धजलाशययुक्तमा नेपालको निजी क्षेत्र सक्षम हुँदै गइरहेको छ । बरु हाल विद्यमान नीतिगत अड्चनहरुले योग्य लगानीकर्ताले ठाउँ पाएका छैनन् । माथिल्लो अर्धजलाशययुक्त बनाउन तल्लो आरओआरवालाको अनिवार्य अनुमति लिनुपर्ने अघोषित प्रावधानहरुले सम्भावनाहरु मारिदैछन् ।

यसमा ऊर्जा मन्त्रालयले तत्कालै गाँठो फुकाइदिनुपर्छ । आज नभए भोलि, भोलि नभए पर्सी भारतले नेपालको जलविद्युत् नलिई सुखै छैन । त्यही भएर उसको 'टोन' पनि परिवर्तन भएको प्रधानमन्त्रीको भारत भ्रमणमा जारी संयुक्त ६ बुँदे घोषणाले पुष्टि गर्छ, जहाँ बीबीआइएन (बंगलादेश, भुटान, भारत र नेपाल) अवधारणाले मूर्त रुप पाउने सम्भावना प्रबल छ । ढिला यता भइरहेको छ । पूर्व क्षितिजमा बिजुली निर्यातको सम्भावना देखिएको छ ।

-साभार: इकागज

# गठबन्धनको राजनीति- उपलब्धि कि अराजकता ?



देवेश झा

**संसदीय निर्वाचनमा तत्कालीन एमाले र माओवादीबीच गठबन्धन गरेर पार्टी एकीकरण गर्ने बाचासहित ठूलो जनमत प्राप्त गरेर नेकपा सरकार गठन भएको थियो । जुन आपसी मतभेद र आन्तरिक सन्तुलन मिलाउन नसकेर पार्टी विभाजित भयो ।**

निर्वाचन हुने कि नहुने उकुसमुकुस अन्त भएर स्थानीय निकायका लागि उम्मेदवारी दर्ता प्रक्रिया सम्पन्न भएर औपचारिक प्रतिस्पर्धा प्रारम्भ भएको छ । आरोप प्रत्यारोप, कटाक्ष, चुट्किलालगायत विभिन्न टिप्पणी गरे पनि प्रायजसो सबै प्रमुख राजनीतिक दलबीच गठबन्धन कायम भएको छ । सुरुआतमा दाबी गरिए जस्तो सत्तारुढ र प्रतिपक्षको दुई फर कफरक समूह बन्न सकेन । केही महानगर र उपमहानगरबाहेक अन्य ठाउँमा नेतृत्वको निर्देशन कायम रहेको देखिन्न ।

निर्वाचन प्रयोजनको लागि दर्ता प्रक्रियाको क्रममा प्राप्त जानकारीअनुसार कांग्रेस, एमाले, माओवादी, जसपा, लोसपा, राप्रपालगायत सबै दलबीच गठबन्धन भएको छ । यहाँसम्म कि झापाको दमकमा राजावादी राप्रपालाई सघाउदै माओवादीले गठबन्धन बनाएको रोचक दृश्य पनि देख्न पाइएको छ । गठबन्धनबाट असन्तुष्ट भएर दल त्याग गर्नेको प्रदर्शन पनि अनौठो रह्यो । बाजागाजा र दलबलसहित आफ्नो पार्टीको झण्डा ब्यानर बोकेर उत्साह देखाउदै नामांकन गर्ने निर्वाचन कार्यालय पुगेका नेतालाई पार्टीको औपचारिक पत्र (टिकट) नपाइने अवस्था हुँदा तत्क्षण अर्को पार्टीबाट उम्मेदवार बनेको रमिता पनि देखियो ।

सिद्धान्त र दर्शनका साथै पार्टीप्रति लामो प्रतिबद्ध रहनुपर्ने अनिवार्य शर्त तेर्साउदै आएका ठूला दलसमेतले नव आगन्तुक व्यक्तिलाई तत्कालै औपचारिक उम्मेदवार बनाउन हिचकिचाहट देखाएनन् । दुई दिने दर्ता प्रक्रिया सम्पन्न नभएसम्म कतिपय ठाउँबाट कुन पार्टीको उम्मेदवार हुने कुरालाई यकिन गर्न सकिने अवस्था थिएन । अहिलेसम्मको विवरण हेर्दा विद्रोही र स्वतन्त्र उम्मेदवारको लामो लाइन रहेको देखिन्छ । जसका कारण दलबाट राष्ट्रिय स्तरमा जारी गरिएको घोषणापत्र अप्रासंगिक र अर्थहीन बन्न पुगेको छ । आफ्नो घोषणापत्रमार्फत् आलोचित दलसँग गठबन्धन गरेर उम्मेदवारी दिनुले दलको कमजोर व्यवस्थापनलाई उजागर गरेको छ । गठबन्धन सरकार र गठबन्धनको राजनीति समकालीन विश्वमा लगभग सर्वत्र रहेको देखिन्छ । एसिया महादेशमा चीन, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, फिलिपिन्स, इन्डोनेसिया, जापान र नेपाललगायत लगभग सबै देशले आंशिक वा पूर्णतः गठबन्धन र ाजनीतिलाई स्वीकार गरेको देखिन्छ ।

चीनमा एकदलीय कम्युनिष्ट शासन व्यवस्था भए पनि चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा युनाइटेड फ्रन्टको गठबन्धन सरकार चलाइएको छ । भारतीय राजनीतिमा सन् १९७७ ताका तत्कालीन प्रधानमन्त्री स्वर्गीय इन्दिरा गान्धीले लगाएको आपतकालविरुद्ध जनता पार्टी गठन हुँदा वास्तवमा त्यो गठबन्धन नै थियो । पछि कांग्रेसको नेतृत्वमा युनाइटेड प्रोग्रेसिभ एलाइन्स र भारतीय जनता पार्टीको नेतृत्वमा नेशनल ड्यामोक्रेटिक एलाइन्स नामक दुई वटा प्रमुख गठबन्धन बने । जुन यथावत कायम छ । नेपालको राजनीतिमा गठबन्धन वा संयुक्त सरकारको अभ्यास २००७ सालबाट प्रवेश गरेको पाइन्छ ।

राणाशासनको अन्त्य भएपछि बनेको पहिलो सरकारलाई राणा प्रधानमन्त्रीले नेतृत्व गरेका थिए । जसमा तत्कालीन विद्रोहको नेतृत्वकर्ता नेपाली काँग्रेसलाई सहभागी भएको थियो । पछिल्लो समयमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना पश्चात राप्रपा-एमाले र राप्रपा कांग्रेस गठबन्धनका सरकार बने । वर्तमान समयमा नेपाली कांग्रेसको नेतृत्वमा पाँच दलीय गठबन्धन सरकार गठन भएर सञ्चालनमा छ । संसदीय निर्वाचनमा तत्कालीन एमाले र माओवादीबीच गठबन्धन गरेर पार्टी एकीकरण गर्ने बाचासहित ठूलो जनमत प्राप्त गरेर नेकपा सरकार गठन भएको थियो । जुन आपसी मतभेद र आन्तरिक सन्तुलन मिलाउन नसकेर पार्टी विभाजित भयो । अहिले एमाले, माओवादी र नेकपा (एकीकृत समाजवादी) को रुपमा स्थापित छन् । जसमध्ये एमाले प्रतिपक्षमा छ भने बाँकी दुई दल सत्ता सहयात्री बनेका छन् ।

अत्यन्त कटुतापूर्ण वक्तव्य र आरोप प्रत्यारोपसहित अहिले यी वामपन्थी दलबीच दैनिक कटाक्ष प्रदर्शनको क्रम जारी छ । यति हुँदाहुदै पनि स्थानीय स्तरको राजनीतिक परिवेश अनुसार नीति, सिद्धान्त र वैचारिक आधार त्यागेर तत्काल लाभान्वित हुने अपेक्षाअनुसार रोचक गठबन्धन पनि बनाइएको छ । एकातर्फ घोषणापत्रमार्फत् आफूलाई मात्र सही देखाउन खोजेको छ भने त्यही घोषणापत्रमा गलत ठहर्याई सकेको दललाई सहयात्री बनाइएको छ । अर्थात् जनतालाई वास्तवमा के सन्देश दिन खोजेको हो त्यो नै प्रष्ट छैन ।

अहिलेसम्म प्राप्त जानकारीअनुसार यसरी बन्न पुगेको अनौठो तालमेल अब विस्तारै आफ्नो मार्गचित्र निर्माण गर्नेतर्फ अग्रसर हुँदैछन् । यसले दुई प्रकारका परिदृश्य वा सम्भावनालाई अगाडि सारेको देखिन्छ । जसअनुसार निर्वाचन जित्न पहिलो सातामा गरिने प्रचार प्रसारबाट सन्तुष्ट हुन नसक्ने उम्मेदवारले आफै बनाएको गठबन्धन (प्यानल) लाई झन्झटिलो मान्दै व्यक्तिगत अभियान सञ्चालनको रणनीति अवलम्बन गर्न सक्छन् । यस क्रममा आफूलाई जिताउन जो कसैलाई सहयोगी बनाउने र आफ्नै दलको उम्मेदवारलाई भोट नदिने परिस्थिति सिर्जित हुनसक्छ । यसले दलीय राजनीतिलाई अराजक बनाउने छन, नेतृत्वको नियन्त्रणलाई कमजोर वा समाप्त पार्नेछन् ।

दोस्रो, यदि दलका कार्यकर्तालाई आफ्नो दलप्रति भावात्मक आवेग उत्पन्न भएको खण्डमा औपचारिक उम्मेदवार प्रतिको ध्रुवीकरण बढ्नसक्छ । दलीय व्यवस्थापनका लागि यो परिस्थितिलाई अनुकूल र सकारात्मक भन्नु पर्दछ । तर, यसको सम्भावना त्यति धेरै देखिन्न । किनभने नेतृत्वको हेपाहा व्यवहार, परिवारवाद र आर्थिक लेनदेनबाट चिढिएका कार्यकर्तालाई आफ्नै नेताप्रति आदरभाव रहेको देखिन्न । त्यसमा पनि सामर्थ्य हुनेलाई प्रमुख दलबाट रातारात दिइएको अवसरका कारण झस्किएका पुराना र निष्ठावान कार्यकर्ताबाट यसबारे आउने प्रतिक्रियाको परिणाम निर्णायक हुनसक्छ ।

दोस्रो जनआन्दोलनपछि राजनीतिमा प्रवेश गराइएको अत्यन्त संवेदनशील एवं मर्यादित विचार 'सहमति र सहकार्य'लाई अहिले प्रहशन बनाइएको देखिन्छ । जनता समक्ष गरिएका वाचालाई ठट्टा बनाइएको छ । सत्ता र प्रतिपक्ष मिलेर सरकार बनाउने चलन बसाइएको छ । नीति, सिद्धान्त र वैचारिक मार्ग चित्रलाई निर्देशक मान्नुपर्ने ठाउँमा सत्ता र भत्ताले निर्णायक भूमिका पाएको छ । राजनीतिलाई सेवा बनाउनुको सट्टा उद्योग मानिएको छ । नेपालको राजनीति अहिले सर्वाधिक जटिल अवस्थामा पुगेको देखिन्छ ।

राज्यको महत्वपूर्ण, संवेदनशील र सैद्धान्तिक रुपमा निर्णायक मानिने ठाउँलाई बजारको सिद्धान्त अनुसार खरिद बिक्रीका साधन बनाइएकोले सेवा प्रवाह अवरुद्ध हुँदै गएको छ । स्थानीय निकाय निर्वाचन जित्न उम्मेदवारलाई व्यक्तिगत प्रभावबाट सफलता प्राप्त भयो भने दलीय नेतृत्वका निर्देशन उपेक्षित हुनसक्ने सम्भावना बढ्छ । परिस्थिति अनियन्त्रित र अराजक हुनसक्ने हुँदाहुदै यसभित्र अवसर पनि जुटेको देखिन्छ ।

समकालीन राष्ट्रिय राजनीतिमा सबैलाई आ-आफ्नो हैसियत बुझ्न सक्ने अवसर प्राप्त भएको छ । अनावश्यक र अनुपयोगी जमातलाई चिन्न, निषेधको राजनीतिलाई अन्त्य गर्न, सहमति र सहकार्यको दायरालाई फराकिलो बनाउन यसपटकको निर्वाचन परिणामले दिशानिर्देश गर्ने देखिन्छ । त्यसैले अवसरलाई चिनेर सदुपयोग गर्न सके गठबन्धनको राजनीतिले उपलब्धि हासिल गर्नेछन् अन्यथा अराजक अवस्थालाई रोक्न सकिन्न । -साभार: खबरहब

# थिएटर र फिल्मले जन्माएका कलाकारबीच इगो समस्या छ ?



काठमाडौं/नेपाली फिल्ममा दुई वर्गका कलाकारहरु छन् । एउटा वर्ग रंगमञ्च हुँदै फिल्ममा भित्रिएको छ । अर्को वर्ग फिल्मबाटै जन्मिएको हो । वर्तमान सिनारियो हेर्ने हो भने नेपाली फिल्म क्षेत्रमा दुवै वर्गका कलाकारहरुको बलियो उपस्थिति छ । फरक पृष्ठभूमिबाट आएका कलाकारका कारण दर्शकहरुले पनि फरक स्वादका फिल्म पाइरहेका छन् । यो फिल्म क्षेत्रकै लागि नै सुखद् कुरा हो ।

थिएटरका कलाकारहरु अभिनयमा अब्बल हुन्छन् र फिल्मले जन्माएका कलाकारसँग स्टार पावर हुन्छ मान्यता छ । उनीहरुको फिल्म छनोट, काम गर्ने शैली, अभिनयप्रतिको बुझाई वा धारणा पनि फरक-फरक हुने गरेको छ । यही कारणले थिएटर र फिल्मबाट आएका कलाकारबीच इगोको समस्या रहेको बताइन्छ । बेला बखतमा यो घाम जस्तै छर्लङ्ग देखिने पनि गरेको हुन्छ ।

थिएटरमै दाह्री-कपाल फुलाएका कलाकार भोलाराज सापकोटा थिएटर र फिल्मबाट आएका कलाकारहरु फरक हुन् भन्ने सोचाई दुवैतिर रहेको बताउँछन् । शनिवार एक भेटमा उनले भने, 'थिएटरबाट आएका कलाकार र फिल्मले जन्माएका कलाकारबीच इगो समस्या छ वा छैन मलाई थाहा छैन । तर, थिएटर र फिल्मबाटै आएका कलाकारहरु फरक हुन् भन्ने सोचाई चाहिँ दुवैतिर छ ।'

फिल्मका स्टारले थिएटरका कलाकारभन्दा आफूलाई ठूलो ठान्ने र थिएटरका कलाकारले फिल्मका स्टारभन्दा आफूलाई ठूलो मान्ने प्रवृतिले पनि थिएटर र फिल्मबाटै जन्मिएका कलाकारबीच दूरी बढ्दै गएको उनको बुझाई छ । यसको कारण उनी दुवै क्षेत्रका कलाकार इमान्दार नहुनुलाई मान्छन् । दुवैको उद्देश्य फिल्म राम्रो बनाउने भएकाले छुट्टाएर हेर्नु गलत रहेको उनको भनाई छ । थिएटरका कलाकारको अभिनय लाउड हुने गरेको आरोपबारे पनि भोलाराज भन्छन्, 'यो कुरा म स्वीकार गर्छु । थिएटरमा हामी लाउड अभिनय गरिरहेका हुन्छौं फिल्ममा पनि आउड हुन सक्छ । तर, त्यो कुरा निर्देशकले भन्न सक्नुपर्छ । म सधैं निर्देशक वा चिफ एडीलाई मेरो समस्याबारे भन्ने गर्छु। कलाकारलाई लाउड अभिनय गर्नबाट कसरी रोक्ने त्यो निर्देशकको हातमा रहन्छ ।'

-साभार: फिल्मीखबर

# थप सात नेताले त्यागे नेकपा एस

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ नेकपा (एकीकृत समाजवादी)बाट जिल्ला अध्यक्ष श्रीधर पोखेलले पार्टी परित्याग गरेसँगै पार्टी छोड्नेहरु बढेका छन् ।

केही दिनअघि जिल्ला अध्यक्ष पोखेलसहित जिल्ला सचिवालय सदस्य र मनहरी, राक्सिराङ र कैलाशका सदस्यहरुले पार्टी समूहिक रुपमा परित्याग गरेका थिए । पोखेल हाल एमालेमै फर्किएका छन् । त्यस यता दिनहुँ नेकपा एस छोड्नेहरु पाइएका छन् । नेकपा (एकिकृत समाजवादी)को हेटौंडा उपमहानगर कमिटी सदस्यहरु सुजता पोखरेल, सिमान्त पोखरेल, प्रमोद पोखरेल, विशाल श्रेष्ठ, नगर सदस्य तथा युवा संघ हेटौंडा उपमहानगर कमिटीका उपाध्यक्ष विश्वास श्रेष्ठ, सदस्यहरु सुलभ क्षेत्री, रोहित श्रेष्ठ, सुदिप श्रेष्ठले पार्टी परित्यागको घोषणा गरेका हुन् ।

# पर्यटन व्यवसायी शेर्पा सम्मानित




काठमाडौं/नेपाल पर्यटन बोर्डका सदस्य तथा पर्यटन व्यवसायी ङावाङिमा शेर्पालाई कोरियन सरकारले कोरियन अल्पाइन फेडेरेशनको नेपालस्थित लियजन अफिसको अध्यक्षका रूपमा नियुक्त गरेको छ ।


कोरियाको राजधानी सियोलमा आयोजित फेडेरेशनको ६०औं वार्षिकोत्सवका अवसरमा आयोजित समारोहमा शेर्पालाई नेपालको सम्पर्क कार्यालयको अध्यक्षको प्रमाणपत्र प्रदान गरिएको हो । कोरियाका पूर्वराष्ट्रपति मुन जे उनकै पालामा उनको सरकारले नेपालको लियजन अफिसको प्रेसिडेन्ट बनाउने निर्णय गरे पनि कोभिड महामारीका कारण दुई वर्षपछि शेर्पालाई यो प्रमाणपत्र दिइएको हो । सियोलमा आयोजित कार्यक्रममा कोरियन अल्पाइन फेडरेशनका अध्यक्ष डा. सोन जुङ होले शेर्पालाई प्रमाणपत्र हस्तान्तरण गरेका थिए ।

सो कार्यक्रममा शेर्पा दम्पति ङावाङिमा शेर्पा र राजेश्वरी शेर्पालाई सम्मान गरिएको थियो । सन् १९९५ देखि कोरियन पर्यटक तथा पर्वतारोहीसँग काम गर्दै आएका शेर्पा अब नेपालस्थित सम्पर्क कार्यालयको अध्यक्षको हैसियतमा कोरियाबाट नेपाल आउने पर्वतारोहीहरूको समन्वय र सम्पर्क लगायतको जिम्मेवारी बहन गर्नेछन् ।

सम्मानपछि प्रतिक्रिया दिँदै शेर्पाले कोरियन सरकारबाट प्राप्त यो जिम्मेवारी र सम्मान सम्पूर्ण नेपाल र नेपाली प्रति गरिएको सम्मान भएको बताएका छन् । उनले नेपालमा कोरियन पर्यटक भित्र्याउन आफूले सक्दो पहल गर्ने समेत बताएका छन् । शेर्पालाई कोरियन नागरिकलाई नेपालमा सेवा र सहयोग गरेकोमा उत्कृष्ट कार्य सम्पादन बापत कोरियाको देइजोन नगरपालिकाले सफल कार्य सम्पादन सम्मान २०१८ बाट सम्मान गरेको थियो ।

अल्पाइन फेडेरेशनको नेपाल स्थित लियजन अफिसको अध्यक्षका रूपमा शेर्पाले अध्यक्षका रूपमा रहँदा कोरियाबाट आउने आरोहीहरूसँग सम्पर्क तथा समन्वय गर्नेछन् । हिमाल चढ्न जाने आरोहीले पनि यहीँबाट अनुमति लिएर अन्य प्रक्रिया सुरु हुनेछ । यस्तै नेपालबाट खेलकुदका कार्यक्रम लिएर नेपाली टोली कोरिया जाने क्रममा पनि सोही कार्यालयमा समन्वय गर्नुपर्ने शेर्पाले जानकारी दिए । कोरियन अल्पाइन फेडरेशनले कोरिया सरकारको खेलकुद र पर्वतारोहण सम्बन्धी अधिकांश कामको अनुमति दिने सरकारी एजेन्सीका रूपमा काम गर्छ । -साभार: रातोपाटी

# बिजुली कटौती गरेर भारतले नेपाललाई दैनिक ८० मेगावाट मात्र दिँदै



काठमाडौं/भारतमा विद्युत संकट हुँदा नेपालले दैनिक ८० मेगावाट बिजुली मात्र पाउन थालेको छ । नेपाल विद्युत प्राधिकरणका प्रवक्ता सुरेश भट्टराई यो पनि मुस्किलले पाइरहेको बताउँछन् ।

'अहिले भारतकै १८ वटा राज्यमा लोडसेडिङ सुरू भइसकेको जानकारी आएको छ । त्यहाँका धेरै उद्योग बन्द भइसकेको अवस्था छ । यसले हामीलाई भारतबाट बिजुली पाउन मुस्किल छ,' उनले भने ।

रूसले युक्रेनमाथि सैन्य हमला गरेपछि भारतको बिजुली उत्पादन प्रभावित भएको हो । भारतले जलविद्युत, वायु, कोइला, आणविक तथा सोलारबाट बिजुली उत्पादन गर्दै आएको छ । युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा कोइलाको मूल्य अत्यधिक बढेपछि त्यसको असर बिजुली उत्पादनमा परेको हो । डिजेल, पेट्रोल लगायत इन्धनको भाउ पनि अकासिँदा भारतीय बजारमा बिजुली खपत पनि बढेको छ । यसले एकातिर बिजुलीको मूल्य चर्किएको छ भने अर्कातर्फ नेपालले पाउने बिजुलीसमेत कटौती भएको छ ।

सामान्य अवस्थामा नेपालले भारतबाट दैनिक करिब ४०० मेगावाट बिजुली आयात गर्दै आएको थियो । सुख्खा सिजनमा पनि उद्योगधन्दा चलाउन सहज थियो । भारतबाट ल्याउने बिजुली कटौतीपछि अहिले नेपालका उद्योगहरूमा दैनिक ३०० मेगावाट बिजुली अभाव भएको प्राधिकरणले जनाएको छ ।

'हाम्रा उद्योगमा दैनिक पाँच सय मेगावाट बिजुलीको माग छ । हामीले दैनिक करिब दुई सय मेगावाट मात्र दिन सकेका छौं,' भट्टराईले भने । सामान्य अवस्थाको तुलनामा नेपालले भारतबाट किन्ने बिजुलीको मूल्य पनि तीन गुणा बढेको छ । प्राधिकरणका प्रवक्ता भट्टराईका अनुसार सामान्य अवस्थामा नेपालले भारतबाट औसत प्रतियुनिट चार रूपैयाँमा किन्ने गरेको थियो ।

अहिले बढेर औसत प्रतियुनिट १२ रूपैयाँ ८५ पैसा तिर्नुपरेको उनले जानकारी दिए । हामीकहाँ बर्खा याममा मनग्य बिजुली उत्पादन हुन्छ । सुख्खा याममा भने पूर्ण क्षमतामा बिजुली उत्पादन नहुँदा समस्या आउने प्रवक्ता भट्टराई बताउँछन् ।


प्राधिकरणका अनुसार नेपालले सिजनमा करिब २ हजार २ सय मेगावाट बिजुली उत्पादन गर्दै आएको छ भने माग सरदर १ हजार ३ सय ५० मेगावाट छ । तर सुख्खा याममा आधाभन्दा बढी उत्पादन घटेर समस्या निम्तिएको उनको भनाइ छ ।

उनका अनुसार हिउँदको समय (कात्तिकदेखि चैतसम्म) दैनिक छ सय मेगावाट बिजुली उत्पादन हुन्छ । 'हाइड्रो (जलविद्युत) ३६५ दिन नै एकनास उत्पादन हुँदैन । बर्खा याममा शतप्रतिशत उत्पादन हुन्छ । सुख्खा याममा कतिपय आयोजनाको उत्पादन त मुस्किलले १५ प्रतिशत हुन्छ । यसले बिजुली अभाव हुन्छ,' उनले भने ।

अहिले उद्योगीहरूलाई आवश्यकताअनुसार कसरी बिजुली प्रवाह गर्न सकिन्छ भन्ने विषयमा प्राधिकरणले सोचिरहेको उनले बताए । 'सुख्खा सिजन छ । जताततै पावर संकट छ,' उनले भने, 'उद्योगलाई आवश्यक बिजुली कहिलेदेखि दिन सक्छौं भनेर भन्न सकिने अवस्था छैन ।'

भारतबाट बिजुली आयात बढाउन नसक्ने अवस्था भए पनि प्राधिकरणले प्रयास गरिरहेको उनले बताए । प्राधिकरणले कुलेखानी, तामाकोसी, कालीगण्डकी, मर्स्याङ्दीजस्ता 'रन अफ द रिभर' आयोजना बढाउन प्रयास गरिरहेको छ । 'यस्ता विभिन्न आयोजना अध्ययनमा छन् । कतिपय आयोजना अन्तिम चरणमा पुगेका छन् । दूधकोसी, बूढीगण्डकी लगायत आयोजना अध्ययन भइरहेको छ,' उनले भने । -साभार: सेतोपाटी

# स्वतन्त्र उम्मेदवारहरूको चुनाव चिन्ह पुतलीदेखि खसीको टाउकोसम्म




काठमाडौं/वैशाख ३० गते हुने स्थानीय तहको चुनावका लागि निर्वाचन आयोगले शनिबार चिन्ह वितरण गरिरहेको छ ।

उम्मेदवारहरूलाई साँझ ५ बजेसम्म चुनाव चिन्ह दिइसक्ने आयोगको तयारी छ । राष्ट्रिय मान्यता प्राप्त ६ वटा दलहरूले आफ्नै चुनाव चिन्ह पाएका छन् ।

नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीले आफ्नै चुनाव चिन्ह पाएका हुन् । यसपालि आयोगले राष्ट्रिय मान्यता नपाएका दलहरूलाई पनि चिन्ह दिन लागेको हो ।

स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-२६ मा राष्ट्रिय दलको मान्यता प्राप्त नगरेका पार्टीहरूले पनि आफ्नै चिन्ह पाएका हुन् । २०७४ सालको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिने दलहरूले निर्वाचन कार्यालयमा पेश गरेको जिल्लागत संगठन संरचनाको आधारमा चिन्ह दिइएको आयोगले जनाएको छ ।

यसमा विवेकशील साझा पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी लगायत २३ दलले आफ्नै चिन्ह पाएका छन् । त्यस्तै, समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग नलिने जनमत पार्टी, जनता प्रगतिशील पार्टी, नेपाललगायत ४० दलले पनि आफ्नै चिन्ह पाएका छन् ।

ती दलका चुनाव चिन्ह पहिल्यै तय भए पनि स्वतन्त्र उम्मेदवारहरूले पनि आफूले चाहेको चिन्ह पाउने छैनन् । स्वतन्त्र उम्मेदवारहरूको लागि अनुसूची-२७ मा ४० वटा चुनाव चिन्हहरू राखिएका छन् । तीमध्ये नै एक उनीहरूको चिन्ह हुने आयोगले जनाएको छ । जसमा पुतली, ब्याडमिन्टन कर्क, खरायो, भुइँकटहर, हाँस, आँप, गुलाबको फूल, जेब्रा, लौरो, खानेपानीको धारा, कैंची, मुढा, जेब्रा, लालटिन, सेफ्टी पिन, प्रेसर कुकर, चिल, काग, चुलेसी, भ्यागुता, खसीको टाउको, लगायत छन् ।

काठमाडौं महानगर मेयर पदका स्वतन्त्र उम्मेदवार बालेन शाह र पोखरा महानगर गनेश पौडेलले लौरो चुनाव चिन्ह पाएका छन् । भरतपुर महानगरमा बागी उम्मेदवारी दिएका जगन्नाथ पौडेलले भुँइकटहर चिन्ह पाएका छन् । मोरङको विराटनगर महानगरपालिकाको मेयर पदमा बागी उम्मेदवारी दिएका उमेश यादव र उपमेयर पदमा नमिता न्यौपानेले 'लालटिन' चुनाव चिन्ह पाएका छन् । -साभार: सेतोपाटी

# नागरिकता नबन्दा ज्येष्ठ नागरिक समस्यामा

पाल्पा/'जवानीमा त मेलापात गरेरै जीवन धानियो, बुढेसकालमा काम गर्न सक्ने तागत छैन, कसरी बाँच्ने हो ?' यस्तो गुनासो पोख्नुहुन्छ ७८ वर्षीया तुलसा पाण्डेय । बुढ्यौली उमेरमा उनलाई आफन्तको स्याहारसुसार, रेखदेख त परै जाओस् बिहान साँझको छाक जोहो गरिदिने कोही छैन ।

रामपुर नगरपालिका-८ बस्ने पाण्डेयलाई न दिनको भोक न रातको निद्राजस्तै भएको छ । बिहान साँझको छाक कसरी टार्ने भन्ने चिन्ताले उनलाई पिरोलेको छ । आफन्तको साहाराविहीन पाण्डेयलाई दैनिक गुजारा चलाउन सकस छ । नेपाली नागरिकता नबन्दा सामाजिक सुरक्षा कार्यक्रमबाट वञ्चित हुनुपरेको उनी बताउँछिन् ।

नागरिकता बनाउन उनले यहाँका जनप्रतिनिधि, राजनीतिक दल, गाउँबासी सबैलाई पटकपटक आग्रह गरिरहेका छन् तर अहिलेसम्म नागरिकता पाउन सकेका छैन । नागरिकतामा परिवारको तर्फबाट प्रमाणित गर्ने व्यक्ति नहुँदा नेपाली नागरिकता पाउनबाट उनी वञ्चित हुनुपरेको छ ।

'नेपाली नागरिकता पाएमा सरकारले दिएको ज्येष्ठ नागरिक भत्ता त पाउँथे, त्यसबाट गुजारा चलाउँथे, सबैसँग बिन्ती गरे अहिलेसम्म नागरिकता बन्न सकेको छैन, हामीजस्ता बूढाबूढीलाई सरकारले दिएको सुविधा उपभोग गर्ने व्यवस्था मिलाइदिनुपर्यो', उनले गुनासो पोखिन् । सोही ठाउँकै ७१ वर्षीया फनिसरा ढुङ्गानाको पनि समस्या उस्तै छ । उनी पनि नागरिकता पाउने आशामा बसिरहेकी छन् तर अहिलेसम्म बन्न सकेको छैन । परिवारको अवस्था नाजुक हुँदा हाल बहिनी बुद्धिमाया भुसालसँग बसोबास गर्दै आएकी छन् । नागरिकता आफूसँग नहुँदा ज्येष्ठ नागरिकका लागि सरकारले दिएको सुविधाबाट वञ्चित हुनुपरेको फनिसरा बताउँछिन् ।

रामपुर नगरपालिका-२ तिलिङ्डाँडा बस्ने जितमाया थापा नेपाली नागरिक भएर पनि आफू नेपाली हुँ भन्ने प्रमाण साथमा नभएको बताउँछिन् । श्रीमानले अर्की श्रीमती ल्याएपछि उनी घरबाट निकालिन पुगिन् । श्रीमानले नागरिकता नबनाइदिएको हुँदा जति सक्दो चाँडो नागरिकता दिलाइदिन उनले सबैसँग अनुरोध गरिन् ।

उनी भन्छिन्, 'श्रीमानले अर्की बिहे गरेपछि मलाई घरबाट निकालिदिनुभयो, बहिनीको घरमा बसिरहेको छु, नागरिकता मात्रै बनेमा सरकारले दिने भत्ता पाइन्थ्यो, त्यसैबाट थोरै भए पनि जीविका चलाइन्थ्यो ।' परिवारको तर्फबाट प्रमाणित गर्ने सदस्य कोही नभएको र नागरिकता बनाउने प्रक्रियामा नीति नियम, कानुनले गर्दा अप्ठ्यारो परेको रामपुर नगरपालिकाका कार्यवाहक प्रमुख विष्णुदेवी घिमिरे आचार्य बताउँछिन् ।

'हामीले उहाँहरुको अवस्थाका बारेमा छर्लङ्ग बुझेका छौं, नागरिकता बनाई दिन प्रमुख जिल्ला अधिकारीसमक्ष पनि कुरा पुगेकै छ, तर कानुन र नीति नियमलाई पनि अनुशरण गर्नैपर्यो, हामीले चाहेर मात्रै भएन, प्रक्रिया नपुग्दा अप्ठ्यारो भइरहेको छ', उनले भनिन् ।

जितमाया थापालाई हालै नगरपालिकाले खाद्यान्न व्यवस्थापन, बालबालिकाको शिक्षा सहजता, कानुनी सहायताका लागि ११ हजार रकम, तुलसा पाण्डेय र फनिसरा ढुङ्गानालाई खाद्यान्न व्यवस्थापन तथा औषधि उपचारार्थ सात/सात हजार लैङ्गिक हिंसा निवारण कोष अन्तर्गत रकम सहयोग गरिएको महिला बालबालिका तथा सामाजिक विकास शाखाका महिला सहायक विकास निरिक्षक पूजा परियारले बताइन् ।

वडाले उपलब्ध गराएको सिफारिसको आधारमा समस्यामा परेका अति विपन्न, साहाराविहीन नागरिकलाई नगरपालिकाले सहयोग गरेको छ । सानो भए पनि सहयोग रकम पाउँदा उनीहरु उत्साहित छन् । नगरपालिकाले समस्यामा परेका नागरिकलाई यसभन्दा अगाडि पनि आर्थिक रकम सहयोग गरेको छ ।

आर्थिकरुपले विपन्न, अशक्त, असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेर चाह आफैंले गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकले सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

-साभार: रातोपाटी

# स्पान्योललाई हराउँदै रियल म्याड्रिड ला लिगा च्याम्पियन




एजेन्सी/स्पान्योलमाथि सानदार जित निकाल्दै रियल म्याड्रिड यो सिजनको स्पेनिस ला लिगाको च्याम्पियन बनेको छ ।

घरेलु मैदानमा स्पान्योललाई ४-० ले पराजित गरेपछि रियल चार खेल बाँकी छँदै च्याम्पियन बन्न सफल भएको हो ।

स्पान्योलविरुद्ध घरेलु टोलीको जितमा ब्राजिली युवा स्टार रोड्रिगोले दुई तथा मार्को एसेन्सियो र करिम बेन्जेमाले समान एक गोल गरे । रियलले पहिलो र दोस्रो हाफमा समान दुई गोल गर्न सफल भएको थियो ।

खेलको सुरुवातदेखि नै पाहुना टोलीलाई दवावमा राखेपनि रियलले गोलको लागि ३३औं मिनेट कुर्नुपरेको थियो । ३३औं मिनेटमा रोड्रिगोले कप्तान मार्सेलोको पासमा गोल गर्दै घरेलु टोलीलाई सुरुवात अग्रता दिलाए । ४३औं मिनेटमा रोड्रिगोले व्यक्तिगत र टोलीका लागि दोस्रो गोल गर्दै टोलीको अग्रता दोब्बर पारे ।

५५औं मिनेटमा मार्को एसेन्सियोले इडुआर्डो कामाभिंगाको पासमा गोल गर्दै रियललाई सहज जिततर्फ अग्रसर गराए । ७२ औं मिनेटमा इस्कोले गोल गरेपनि अफसाइड ठहरिदा गोलले मान्यता पाएन ।

त्यसपछि ८१ औं मिनेटमा परिवर्तित फरवार्ड करिम बेन्जेमाले गोल गर्दै रियलको फराकिलो जित पक्का गरे । ६०औं मिनेटमा मारियानो डियाजको स्थानमा मैदान छिरेका बेन्जेमाले अर्का परिवर्तित खेलाडी भिनिसिय जुनियरको पासमा गोल गर्न सफल भएका थिए । भिनिसियस ७५ औं मिनेटमा रोड्रिगोको स्थानमा मैदान छिरेका थिए ।

रियलको यो समग्रमा ३५औं ला लिगा उपाधि हो । रियल पछिल्लोपटक २०१९-२० को सिजनमा च्याम्पियन बनेको थियो । यो सिजन च्याम्पियन बन्ने क्रममा रियलले ३४ खेल खेल्दा २५ मा जित, ६ बराबरी र ३ हारको नतिजा निकाल्यो । रियलको च्याम्पियन यात्रामा यो सिजन करिम बेन्जेमा र भिनिसियस जुनियरको जोडी निकै जम्यो ।

यि दुईले यो सिजनको ला लिगामा एक आपसमा ४० गोल गर्दा २१ असिस्ट दिएका छन् । बेन्जेमा ३० खेलमा २६ गोल र १२ असिस्ट दिदा भिनिसियसले ३२ खेलका १४ गोल र ९ असिस्ट प्रदान गरेका छन् ।

यो जितसँगै शीर्षस्थानमा रहेको रियल म्याड्रिडको ३४ खेलबाट १ अंक पुगेको छ । रियल दोस्रो स्थानमा रहेको सेभियालाई १७ अंकले तथा एक खेल कम खेलेको बार्सिलोनालाई १८ अंकले पछि पारेको छ । अब रियलले बाँकी चार खेलमा हार भोगेपनि च्याम्पियन बन्न कुनै बाधा हुनेछैन । पराजित स्पान्योल ३९ अंक जोडेर १३औं स्थानमा रहेको छ । -साभार: हाम्रो खेलकुद

# गभर्नरमाथि छानबिन रोक्न सर्वोच्चको आदेश

काठमाडौं/नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई बदनियत राखेर अर्थमन्त्री जनार्दन शर्माको प्रस्तावमा मन्त्रिपरिषद्ले निलम्बन गरेको सर्वोच्च अदालतले प्रारम्भिक ठहर गरेको छ ।

छानबिन समिति गठन गर्दैमा स्वत: पदमुक्त हुने अधिकारीलाई एकपल्ट सुनुवाइको मौका पनि नदिइएको, निलम्बन गर्ने ध्येयले प्रस्ट आधार र प्रमाण उल्लेख नगरी कानुनको दफामात्रै निर्णयमा उल्लेख गरेर जाँचबुझ समिति गठन गर्ने र निलम्बन गर्ने कार्य प्रथम दृष्टिमै पूर्वाग्राही एवं बदनियतपूर्ण देखिएको सर्वोच्चले उल्लेख गरेको छ ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र टंकबहादुर मोक्तानको संयुक्त इजलासले अन्तरिम आदेशको सुनुवाइका लागि प्रस्तुत भएको गभर्नर अधिकारीको रिटमा तीन दिन बहस सुनेपछि शुक्रबार अन्तरिम आदेश जारी गरेको हो । आदेशसँगै अधिकारीलाई पदमा रहेर निरन्तर काम गर्ने बाटो खुला भएको छ । यो आदेशले राष्ट्र बैंकको स्वायत्ततालाई थप मजबुत पारिदिएको गभर्नर अधिकारीको प्रतिक्रिया छ । 'यो व्यक्ति विशेषको कुरा हैन,' उनले भने, 'सर्वोच्चको आदेशले राष्ट्र बैंकको स्वायत्तता र समग्र प्रणालीमा न्याय प्राप्त भएको छ ।'

सर्वोच्चले गभर्नरको कार्यकाल नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम ५ वर्षको हुने गरी पदावधि निश्चित गरेको उल्लेख गर्दै ऐनको अयोग्यता र पदमुक्तको व्यवस्थाबाहेकको अवस्थामा हटाउन नपाउने उल्लेख गरेको छ । ऐनको दफा २१ मा गभर्नरको अयोग्यता र दफा २२ (५) मा पदमुक्तको व्यवस्था छ । छानबिन समिति गठन गर्दा नै स्वत: पदमुक्त रहने कानुनी व्यवस्था रहेकाले आरोपका आधार छन् कि छैनन् भन्ने ख्याल नगरिएको सर्वोच्चको निष्कर्ष छ ।

मन्त्रिपरिषद्को २०७८ चैत २४ को निर्णयबाट गभर्नर अधिकारीमाथि छानबिन गर्न समिति गठन गरेको थियो । समिति गठन भएसँगै उनी स्वत: निलम्बन भएका थिए । त्यसको विरुद्धमा अधिकारी मन्त्रिपरिषद्को निर्णय र मन्त्रालयको पत्राचार, समितिको कामकारबाही तत्काल कार्यान्वयन नगराउन तथा गभर्नरका रूपमा पूर्ववत् रूपमा काम गर्न आदेश पाऊँ भनेर माग गर्दै रिट दिन पुगेका थिए ।

-स्रोत: इकान्तिपुर

श्री
निर्वाचन आयोग
प्रदेश निर्वाचन कार्यालय
मकवानपुर

आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।

लुम्बनाथ पोखरेल
प्रदेश निर्वाचन अधिकारी

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कांग्रेसले प्रचारप्रसार व्यापक बनाउने

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ नेपाली कांग्रेस मकवानपुरले आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचानमा प्रचारप्रसारलाई व्यापक बनाउने भएको छ ।

जिल्लास्थित १० वटै पालिकामा पार्टीका उम्मेदवारलाई जिताउन निर्वाचन प्रचारप्रसारलाई तीव्रता दिने योजनाअनुरुप संयोजक पनि तोकिएको छ । कांग्रेस मकवानपुरले पार्टी सहसचिव ताराचन्द्र बजगाईंको संयोजकत्वमा प्रचारप्रसार समिति गठन गरेको छ ।

पार्टी सभापति बुद्ध लामाले स्थानीय तह र जिल्लाभर संयोजन गर्न प्रचारप्रसारको जिम्मेवारी बाँडफाँड गरेका छन् । हेटौंडा उपमहानगर पालिकामा भुपेन्द्र कोइराला, विकास बानियाँ र मोहन ढकाललाई प्रचार प्रसारको जिम्मा दिइएको छ ।

बागमती गाउँपालिकामा शंकर पराजुली र सन्तोष सापकोटा, बकैया गाउँपालिकामा भूमिनन्द गौतम र छायाँ अधिकारी, कैलाश गाउँपाकिलामा विनोद लामा र कामीसिं स्याङ्तानलाई प्रचारप्रसार हेर्ने गरी जिम्मेवारी दिइएको छ । मकवानपुरगढीमा यतिराज सापकोटा र विश्वराज न्यौपाने, भीमफेदीमा रुद्र लामा र श्यामबहादुर थिङ, मनहरीमा प्रकाश बर्तौला र रघुनाथ खतिवडा रहेका छन् । थाहा नगरमा भिमबहादुर भोम्जन र सुनमाया भोम्जन, राक्सिराङमा वीरेन्द्र जिम्बा र कोपिला गोले, इन्द्रसरोवरमा विकास बलामी र राजेशबाबु सापकोटालाई जिम्मेवारी दिइएको छ ।

प्रचारप्रसार समिति सदस्यहरुमा मोमलाल दोङ, शैलेन्द्रराज बानियाँ, शिवप्रसाद खतिवडा, कालु घलान, शर्मिला श्रेष्ठ, डम्बरबहादुर विक, अञ्जना उपाध्याय, राजकुमार गोले, ताराकुमारी राई कार्की, इन्द्रकुमार बर्तौला, नुरोज पौडेल, धिरेन्द्र लामा, सुनिता राई, डोल्मा स्याङ्बो र कुमार अधिकारीलाई तोकिएको छ ।

# कांग्रेसका उम्मेदवारलाई जिताउन एकजुट हुन मैनालीको अपिल

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ नेपाली कांग्रेस मकवानपुरका युवा नेता तथा महाधिवेशन प्रतिनिधि राज मैनाली दिनेशले आगामी स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस पार्टीका आधिकारिक उम्मेदवारलाई जिताउन एकजुट भएर लाग्न अपिल गरेका छन् ।

पत्रकार सम्मेलन गर्दै मैनालीले नेपाली कांग्रेस पार्टीभित्र टिकट वितरणमा देखिएको समस्याको समाधान निकाल्नु पर्ने भन्दै निर्वाचनमा पार्टीका उम्मेदवारलाई सबैले एकजुट भएर जिताउनु पर्नेमा जोड दिएका छन् । कांग्रेसमा ऊर्जावान, क्षमतावान र सक्षम नेता हुँदाहुँदै पनि स्थानीय तह निर्वाचनमा पालिका तह र वडा तहमा उम्मेदवार बन्न आकांक्षीहरु सबैले टिकट पाउन नसकेको उनले बताए । टिकट वितरणकै विषयलाई लिएर असन्तुष्टिका स्वरहरु सुनिएको भन्दै उनले टिकट बाँडफाँड टुंगिएपछि पनि असन्तुष्टि जाहेर गरिरहनु र पार्टीलाई असर पर्ने गरी अभिव्यक्ति दिनु र व्यवहार गर्नु किमार्थ स्वकार्य विषय नभएको बताएका छन् ।

कांग्रेस पार्टीको आन्तरिक अधिवेशन भर्खरै सकिएको हुँदा कतिपय अवस्था पार्टीभित्रको गुटउपगुटको कारण पनि यस्ता विषयले प्रश्रय पाइरहेको मैनालीले भनाई छ । पार्टीले गुटउपगुट भन्दा पनि जनताको मन जितेका उम्मेदवारका आकांक्षीलाई टिकट दिनुपर्ने र पार्टीले टिकट दिइसकेपछि आफ्नो उम्मेदवार जिताउन सबै एकजुट भएर लाग्नुपर्नेमा उनको जोड छ । गुटउपगुट भन्दा बाहिर रहेर आफू महाधिवेशन प्रतिनिधि निर्वाचित भएकोले अब निर्वाचनको संघारमा गुटउपगुटको विषय नउठाउन उनले अनुरोध गरे ।



विगत वर्षौंदेखि निर्माण अलपत्र रहेको चित्लाङ-थानकोट सडक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । शनिबार सडकमा कालोपत्रे गर्ने तयारी अनुरुप सडक सम्याउने काम भइरहेको छ । १७ महिना लगातार निर्माण कार्य जारी राखेपछि उक्त सडक मार्गमा गाडी गुड्न थालेका छन् । उत्तरी क्षेत्रको थाहा नगरपालिका र काठमाडौंलाई जोड्ने उक्त चित्लाङ-थानकोट सडक सबैभन्दा छोटो मार्ग हो । निर्माण कार्य केही बाँकी भएपनि यातायातका साधनहरु संचालनमा आइसकेको बताइको छ । उक्त सडक सञ्चालनमा आएसंगै स्थानीयलाई काठमाडौं आउजाउ गर्न सहज भएको छ ।
*-तस्बिर: साझाकुरा*

# लालझडीमा कांग्रेसको घरदैलोमा जनलहर



साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ हेटौंडा उपमहानगरपालिकाको १ नम्बर वडामा नेपाली कांग्रेसले घरदैलो अभियानलाई तीव्रता दिएको छ । कांग्रेसले १ नम्बर वडामा वडा अध्यक्षमा सबिन न्यौपानेलाई उम्मेदवार उठाएको छ ।

निवर्तमान वडा अध्यक्षसमेत रहेका न्यौपानेलाई जिताउन घरदैलोमा जनलहर देखिएको छ । कांग्रेसबाट १ नम्बर वडामा अध्यक्ष उम्मेदवार न्यौपाने, खुला सदस्यमा हरि श्रेष्ठ, बुद्धबहादुर पाखिन, महिला सदस्यमा सरिता पाखिन र दलित महिला सदस्यमा निशा विश्वकर्मा उम्मेदवार छन् ।

शनिबार कांग्रेस १ नम्बर वडा समितिको आयोजनामा लालझाडीमा घरदैलो गरिएको थियो । घरदैलो कार्यक्रममा सयौं जनाको सहभागिता भएको कांग्रेस वडा सभापति हरिकृष्ण महर्जनले जानकारी दिए । उनले १ नम्बर वडामा कांग्रेसको जीत सुनिश्चित रहेको दाबी गरे ।

# ओली आज हेटौंडा आउँदै



साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ नेकपा एमालेका केन्द्रीय अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली आज आइतबार हेटौंडा आउने भएका छन् ।

आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनलाई लक्षित गरी आज आइतबार नेकपा एमाले मकवानपुर र जिफन्ट बागमती प्रदेशको आयोजनामा चुनावी सभा हुँदैछ । आमसभालाई ओलीले सम्बोधन गर्ने नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठले जानकारी दिए ।

आमसभाको सबै तयारी सकिएको उनले बताए । हेटौंडा-४ हुप्रचौरमा आमसभा हुनेछ । स्थानीय चुनावी सभा तथा अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा कार्यक्रम तय भएको श्रेष्ठले जानकारी दिए ।

एमाले मकवानपुरले आमसभामा जिल्लास्थित १० वटै गाउँपालिकाबाट ४० हजार नेता, कार्यकर्तालाई सहभागी गराउने उद्देश्य लिएको छ । हेटौंडा उपमहानगरका विभिन्न चार वटा नाकाबाट पैदल र्‍यालीसहित हुप्रचौरमा पुगिने र कार्यक्रमको सुरुवात हुने श्रेष्ठले बताए । चुनावी सभामा १० वटै स्थानीय तहका एमालेका उम्मेदवार, नेता, कार्यकर्ताहरु सहभागी हुने जनाइएको छ । एमालेले श्रमिक दिवसलाई महत्वको साथमा लिँदै आएको र हेटौंडाको सन्दर्भमा श्रमिक आन्दोलनको उर्भर भूमि रहेको भन्दै चुनावी सभालाई भव्य बनाइने श्रेष्ठले बताए । सभामा ४ सय बढी स्वयंमसेवक परिचालन गरिने जनाइएको छ ।


## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



## कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पूर्ण खोप, सुरक्षित भविष्य

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि
मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि
पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको
सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या
मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
**३ महिना पूरा भएपछि बुस्टर खोप**
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा
कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला।




कोभिड-१९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौंडा, मकवानपुर, नेपाल






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी,
सभा, सेमिनार तथा गोष्ठीका लागि
हामीलाई सदैव सम्झनुहोस् ।
**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



**ADMISSIONS OPEN FOR 2079**

From Nursery to Grade 9

**Scholarships**
*a feature of socially responsible institution...*

*Madhav Raj Sumargi Memorial Scholarship based on*
**Entrance Tests** 189+ Seats

*Rup Chandra Bista "Thaha" Memorial Scholarship based on*
**Students' Talent** 108+ Seats

*Bishwakanti Kalawati Sumargi Scholarship based on*
**Students' Rank** 39+ Seats

Scholarship Test
24 Baishakh 2079

APPLY NOW
Admission forms are also available online
www.admission.hetaudaacademy.edu.np

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np



साझाकुरा
**www.sajhakuranews.com**
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको
चाहनालाई मध्यनजर
गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



*साझाकुरा*
खोजी खोजी
पढौं ।
दैनिक रुपमा
समाचार पढौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना